# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७६/०१/११

तेस्रो अधिवेसन

(२७औँ बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**१. माननीय सदस्यहरु,**

**माननीय शान्ति नेपाली**

माननीय सभामुख महोदय, बझाङ्ग जिल्ला छान्ना खसड गाउपालिकामा अस्ति विवाहको जिप दुर्घटना भई बाशुदेव जोशीको मृत्यु भएको छ र १ जना गम्भिर घाइते हुनुभएको छ । ३ दिन अगाडी भएको जिप दुर्घटनामा र यसै गरी आजकै दिन बिहान ५ बजेतिर बझाङका लागि अतरियाबाट हिडेको गाडी ना६ख १८३१ नं. को गाडी डडेल्धुराको साहुखर्कमा दुर्घटना हुन गइ ५ जनाको मृत्यु भएको छ र ३२ जना घाइते हुनुभएको छ ६ जनाको अवस्था गम्भिर छ । म यो गरिमामय सदनलाइ यो दुखत घडीमा मृतकको चिर शान्तिको कामना तथा सम्वेदना व्यक्त गर्न चाहान्छु । ति दुइटै दुर्घटनामा परेर ज्यान गुमाउने र ति घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु र उक्त घटनाका घाइतेहरुलाइ प्रदेश सरकारको तर्फबाट सहयोग तथा राहत उपलब्ध गराउनका लागि ध्यानाकर्षण गर्दछु धन्यवाद ।

**२. माननीय सदस्यहरु,**

अब, **"प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५"** माथिको कार्बाही प्रारम्भ हुन्छ ।

**३. माननीय सदस्यहरू,**

अब, म आन्तरिक मामिला तथा कानून मन्त्रि माननीय प्रकाश बहादुर शाह लाई **"प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५"** माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस भनी प्रस्ताव पेस गर्न अनुमति दिन्छु ।

**माननीय प्रकाश बहादुर शाह**

माननीय सभामुख महोदय, प्रदेश विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक २०७५ माथि प्रदेश सभा नियमावली २०७४ को नियम १०७ बमोजिम सभामा सामान्य छलफल गरियोस भनी यो प्रताव पेश गर्दछु धन्यवाद ।

***(प्रस्ताव पेस भएपछि)***

**४. माननीय सदस्यहरू,**

अब, म **"प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५"** माथि बीचार गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

**(“हुन्छ” भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

**(“हुन्न” भनेपछि)**

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **“प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५”** माथि बीचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

***(घोषणा पछि)***

५. माननीय सदस्यहरु,

अब, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **“प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५”** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ३ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम **माननीय नेपालु चौधरी** लाई समय दिन्छु ।

**माननीय नेपालु चौधरी**

माननीय सभामुख महोदय, प्रदेश विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक सरकारले ल्याएको छ । वास्तवमा यो धेरै राम्रो विधेयक रहेको छ । स्वागतयोग्य रहेको छ । यो विधेयक वास्तवमा सरकारले धेरै छिटो ल्याउनु पर्थ्यो भन्ने हामीलाइ लागेको थियो । किनभने हिजोका दिनमा हाम्रो प्रदेशमा धेरै किसिमका घटनाहरु घटे अतिवृष्टि अनावृष्टि लगायत हावाहुरी चट्याङ असिना बाढी पहिरो थुप्रै घटनाहरु घटे लगायतका विजुलीका करेन्ट लागेर पनि धेरै व्यक्तिहरुको ज्यान गयो । हुँदाहुदै दुर्घटना समेत भयो र सरकारसँग धेरै पटक ति व्यक्तिहरुको राहतको लागि आवाज पनि उठ्यो तर अहिलेसम्म सम्बोधन गर्न नसकेको अवस्था थिएन र अहिले हामीलाइ लाग्दछ यो विधेयक सरकारले ल्याएको छ । वास्तवमा यो विधेयकले हाम्रो प्रदेशमा घटेका घटनालाइ सम्बोधन गर्नका साथसाथै व्यवस्थापन गर्नका साथसाथै न्यूनिकरण गर्नमा पनि सहयोग पुग्नेछ । स्थानीय सरकार संघीय सरकार सबैसँग मिलेर यो विपदलाइ कसरी न्यूनिकरण गर्ने भन्ने सहकार्य गर्दै अगाडी बढ्ने यले बाटो खोलेको छ ढोका खोलेको छ । त्यस कारणले हाम्रो प्रदेशमा भइरहेका आगजनी लगायत विभिन्न ग्याँस विस्फोटबाट भएका घटना लगायतका थुप्रै घटनाहरुलाइ व्यवस्थापन गर्न यले सहयोग गर्नेछ भन्ने हामीलाइ लागेको छ त्यसकारणले यो विधेयक छिटै नै पास भएर सरकारले यलाइ कार्यान्वयन गर्ने दिशा तर्फ अग्रसर हुनेछ भन्ने मैले आशा लिएको छु र यसबाट धेरै पीडित जनताहरुले राहत पाउनेछन् भन्ने पनि हामीलाइ लागेको छ । त्यस कारणले म यो पूनः यो विधेयकको स्वागत गर्न चाहान्छु र स्वागत गर्दै आफ्नो भनाइ अन्त्य गर्दछु धन्यवाद ।

**माननीय श्यामलाल राना थारु**

माननीय सभामुख महोदय, प्रदेश विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५ प्रदेश सरकारले यसको तयार गरेर आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूले यस सदनमा प्रस्तुत गरे अनुरुप आज हामी यो विधेयकमाथि छलफलमा उभिरहेका छौं । यो ढिलो भएपनि धेरै इन्तिजारपछि यो विधेयक यो सदनमा आएको छ । यसको म स्वागत गर्न चाहान्छु । किनभने हामी सरकार गठन भएको करिब १ वर्षभन्दा बढी भइसक्यो र पटक पटक राहत सम्बन्धी आवाजहरु यो सदनमा उठिराखे र साँच्चिकै अहिले सरकारलाइ दया लागेर पनि हुनसक्छ छिटो भन्दा छिटो यो विधेयक ल्याउनुपर्ने थियो अहिले ल्यायो स्वागतयोग्य कुरा हो । वास्तवमा यो प्रदेश अन्तरगत विभिन्न किसिमका दैविक प्रकोपका घटनाहरु घटिरहेको अवस्था छ चाहे त्यो बाढी पिडितको समस्या होस चाहे त्यो भुकम्प चाहे पहिरोका समस्याहरु हुन् आगलागि देखी लिएर विभिन्न दैवि प्रकोपका घटनाहरु भइराखेका छन् । त्यस कारणले ति घटनाहरुलाइ प्रति कसरी जनतालाइ राहत गर्न सकिन्छ र ति घटनाहरु आउन अगाढी पनि कसरी सुचित गर्न सकिन्छ र घटनामा राहत वितरण गर्ने कार्यक्रममा यस प्रदेश अन्तरगत यो सम्बन्धी विपद जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी काम गर्ने विभिन्न संघ संस्थाहरुलाइ पनि समेटेर बढी भन्दा बढी राहत दिने किसिमले यो आएको छ । म यसको एकदम हार्दिक स्वागत गर्न चाहान्छु र यो विधेयक सबै मैले अध्ययन गरेको छु । यकदमै मेहेनतका साथमा उचित समयमा यो विधेयक आएको छ र यसको पूर्ण समर्थन गर्न चाहान्छु । यसलाइ हामी यसै सदनबाट मलाइ लाग्छ धेरै समय छैन हामीसँग १/२ दिन भित्रै यो सदन हिउदे अधिवेशन अन्त्य हुनेवाला छ त्यसकारणले यसलाइ तत्काल नै पास गर्नुपर्ने अवस्था छ र यसमा हाम्रो एकदमै समर्थन छ भन्दै आफ्नै मन्तव्य यही राख्न चाहान्छु । धन्यवाद ।

**माननीय प्रकाश भट्ट**

माननीय सभामुख महोदय, हाम्रो प्रदेश विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक २०७५ सरकारले ल्याएको छ र यो सरकारलाइ यस विधेयक ल्याएकोमा स्वागत गर्न चाहान्छु । विपद भन्ने कुरा कसैले चाहेर अथवा पूर्व जानकारी दिएर हुने कुरा होइन र हाम्रो आजै पनि साहुखर्कमा धनगढीबाट बझाङतिर गइराखेको बस दुर्घटना भएको छ । र त्यो दुर्घटनामा ५/६ जनाको ज्यान गएको र अन्य घाइते भएको भन्ने प्रारम्भिक जानकारी छ र त्यस कारण ति घाइते र सादत प्राप्त गर्नेहरु प्रति र सोक व्यक्त गर्न चाहान्छु र त्यसका साथै घाइतेको सिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु । र जुन खालबाट यो विधेयक पहिले नै आउनुपर्थ्यो र धेरैले आशा गरेको थुप्रै कुराहरुको बारेमा यो संसदमा पनि कुरा उठाइएको थियो र कोष पनि मुख्यमन्त्री कोषमा कोषपनि खडा गरिएको छ भन्ने पनि सुनेको थियो र अहिलेसम्म यो आउन सकेन । १ वर्षपछि आएपनि यो अहिले आएको यो प्रदेश विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक यसका लागि म सरकारलाइ धन्यवाद दिन चाहान्छु र यसका दफाहरुमा हामीले छलफल फेरी पनि विषयगत समितिमा गएर यसका दफावार छलफल पनि त्यस किसिमबाट हुने छ र प्राकृतिक विपदहरु जुन किसिमबाट अहिले यो भूमण्डलिकरणमा जुन विपदहरु आइराखेका छन् कतिपय चटयाङ कतिपय ठाउमा यो भुकम्प त्यसका साथै बाढी पहिरो र फेरी यो वर्षा शुरु हुन लागेको छ त्यस बेला पनि थुप्रै घटनाहरु घटने गरेका छन् र यसलाइ छिटो भन्दा छिटो राहत पुग्ने गरेर जनतासम्म थुप्रै निवेदनहरु थुप्रै मागहरु र थुप्रै संसदमा उठेका कुराहरु थाति रहेका छन् । यसलाइ व्यवस्थापन गर्नका लागि र जनताले प्रत्यक्ष रुपमा राहत पाउने र राज्य छ र राज्यले केही गर्छ भन्ने तुरुन्त उपचार पाउने र तुरुन्त राहत पाउने खाले त्यो व्यवस्थापन कसरी हुन्छ त्यो ऐनमा कानूनमा र कार्यविधि बनाएर जानुपर्छ भन्ने कुराहरु राख्दै यसको स्वागत गर्दै विदा हुन्छु धन्यवाद ।

**माननीय दिव्यश्वरी शाह**

माननीय सभामुखज्यू, सर्वप्रथम म डडेल्धुराको गन्यापधुरा गाउपालिकाको साहुखर्क भन्ने ठाउमा आज विहान बस दुर्घटना भएको रहेछ त्यसमा दिबंगत हुनेलाइ मेरो नेपाली कांग्रेस पार्टीबाट म श्रद्धान्जली दिन चाहान्छु । प्रदेश विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक २०७५ ल्याएकोमा धन्यवाद व्यक्त गर्न चाहान्छु । १ वर्ष अघि नै आउनुपर्ने विधेयक सरकार सगठन भएको १५ महिना काट्न लागेपछि मात्र बल्ल बल्ल आएको विधेयकमा अत्यन्तै लापरवाह र ढिलासुस्ती भएको म निवेदन गर्न चाहान्छु । दैविक प्रकोप सूचना दिएर आउने कुरा होइन । गए प्राकृतिक विपदका घटनाहरु जहिले जहाँ र जतिखेर पनि घट्न सक्ने भएकोले यसता अति नै संवेदनशील पक्षमा हामीले गम्भिर हुन जरुरी छ । २०७२ सालको विनासकारी भुकम्पका कारण सुदूरपश्चिमको जमिनको प्लटहरु पनि Disbalance भएको भूगर्भविदहरुले आँकलन गरेको सुनिएको थियो । जुनसुकै बेला पनि हुन सक्ने यो वैशाख जेठ अषाढको समय तराइबासीहरुका लागि अत्यन्तै त्रसित हो । त्यस कारण यसको कार्यान्वयन पक्षलाइ जतिसक्दो छिटो भन्दा छिटो लागु गर्नुपर्ने अवस्था छ । विगत केही समययता सुदूरका पहाडी जिल्लाहरु लगायत तराइका विभिन्न स्थानहरुमा दैवि प्रकोपका विभिन्न घटनाहरु घटीरहेका छन् तर राज्य पक्षबाट त्यसता किसिमका घटनाहरु प्रति खासै यसको चासो दिएको देखिँदैन । अबका केही महिनाहरु पहाडी क्षेत्रहरुमा पहिरो बाढी तथा तराइका क्षेत्रहरुमा हावाहुरी आदि डडेलो तथा आगलागीको जोखिममय समय हो । तसर्थ यो विधेयकलाइ गम्भिरतापूर्वक ढंगबाट अघि बढाउन सभामुख तथा सदनको ध्यानाकर्षण गराउन चाहान्छु । म परिआउने यसता काल्पनिक घटनाहरुको लागि पूर्व सचकता अपनाउदै प्रदेश नं. ७ मा रहेको यो गरिमामय सदन समक्ष तथा सिघ्र प्रदेश विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक पास हुदै गर्दा सुदूरले सरकारबाट विपद राहत कोष पाएमा प्रदेशबासीहरुमा राम्रो सन्देश जाने कुरा व्यक्त गर्न चाहान्छु । अन्त्यमा वास्तविक पीडित सेवाबाट बंचित नहुन भन्दै कार्यान्वयन पक्ष सजक रहन भन्दै विदा हुन्छु धन्यवाद ।

*(बोलिसके पछि)*

**६. माननीय सदस्यहरू,**

**"प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५"** माथिको सामान्य छलफलमा बोल्ने समय यँही समाप्त हुन्छ।

**७. माननीय सदस्यहरू,**

अब, म आन्तरिक मामिला तथा कानून मन्त्रि माननीय प्रकाश बहादुर शाहलाई **"प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५"** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु।

**माननीय प्रकाश बहादुर शाह**

माननीय सभामुख महोदय, डडेल्धुराको साहुखर्कमा भएको दुखत दुर्घटनामा परी मृतक भएका मृतकहरुलाइ श्रद्धान्जली व्यक्त गर्न चाहान्छु । घाइतेहरुलाइ सिघ्र स्वास्थ्य लाभ होस भनेर कामना गर्न चाहान्छु । प्रदेश सरकारको तर्फबाट र प्रदेश विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक २०७५ माथि हामी यो गरिमामय सदनमा छलफल गरि राखेका छौं । माननीय सदस्यहरुका बहुमुल्य सुझावहरु यहाँ आएका छन् । म यि सुझावहरुलाइ सम्मान गर्न चाहान्छु । विपद्को व्यवस्थापन र विपदको न्यूनीकरण र त्यसलाइ सम्बोधन गर्ने कानून गोभर्निङ य्याक्टको अभावका कारण हामी लामो समयदेखी यो कोष संचालन गर्ने कानूनका अभावका कारणले प्रदेश बासी आदरणीय जनसमुदायलाइ विभिन्न विपदमा परेका दाजुभाइ दिदिबहिनिको घाउमा मलम

लगाउन हामी सकिराखेका थिएनौं । अब हामी यो ऐनलाइ पारित गरेर त्यसपछि ततकाल प्रमाणित भए लगतै विपद व्यवस्थापन सम्बन्धी मापदण्ड कार्यविधि र बाढी पिडीत जनताहरुलाइ उद्धार गर्नका निम्ति हवाइ उद्धार कार्यविधि समेत ततकाल ल्याएर प्रदेशका जनसमुदायहरुलाइ राहत दिने पिडामा मलम लगाउने काममा प्रदेश सरकार लागिपर्नेछ भन्ने कुरा म निवेदन गर्न चाहान्छु । त्यसैले म अब साइको मेरो भेट हुँदैन अब लाग्यो वर्षा भन्ने गितै छ । वर्षा आएपछि विपद् आउछ । अब त्यसको पूर्व तयारी मानसिक रुपले भौतिक रुपले कानूनी हिसाबले हाम्रा संयन्त्रहरु राज्य संयन्त्रहरु समाजसेवी संस्थाहरु नागरिक संस्थाहरु हाम्रा सुरक्षा अंगहरु सबैलाइ समतयार राखेर हामीले ति विपदहरुको सामना गर्नका निम्ति त्यो तयारी अवस्थामा हामी रहनु पर्दछ । विपद घण्टी बजाएर आउदैन । बाजा बजाएर आउदैन सूचना दिएर आउदैन । विपद आपत विपदको क्यालेन्डर पनि हुँदैन । मृत्युको क्यालेण्डर हुँदैन भनेजस्तै विपद्को कुनै क्यालेन्डर हुँदैन त्यो कुनै पनि बेला आउन सक्छ र हाम्रो प्रदेशमा खास गरेर बाढी पहिरो डुवान पहाडमा पहिरोको समस्या तराइ मधेसमा डुबानको समस्या आगलागीको समस्या चट्याङको समस्या हावाहुरीको समस्या असिना पानीको समस्या अतिवृष्टी अनावृष्टीको समस्या लगायतका समस्याहरु भुकम्पको उच्च जोखिम छ हाम्रो प्रदेश यावत समस्याहरु प्राकृतिक देखी गैरप्राकृतिक विपदहरुको सामना गर्न प्रदेश सरकार यो सम्मानित संसद र प्रदेशका सुरक्षा अंगहरु छन् । र संघ संस्थाहरु सबै हामी हातेमालो गरेर हामी बस्नुपर्छ र आसन्न विपदहरुलाइ सामना गर्न त्यो उच्च मनोबलका साथ हामी अगाडी बढ्नुपर्छ भन्ने कुरा निवेदन गर्न चाहें । र अब यो ऐन प्रमाणिकरण भएलगतै दुइटा कार्यविधि विपद व्यवस्थापन सम्बन्धी मापदण्ड र कार्यविधि र विपद पिडित नागरिकहरुको हवाइ उद्धार कार्यविधिलाइ हामी ततकाल लागु गर्ने गरी प्रदेश सरकार तमतयार अवस्थामा रहेको कुरा पनि म निवेदन गर्न चाहान्छु र माननीय सदस्यज्यूहरु माननीय श्यामलाल रानाथारु माननीय नेपालु चौधरी माननीय प्रेम प्रकाश भट्ट र माननीय दिव्यश्वरी शाह सबै माननीय सदस्यहरुलाइ यो ऐनको सन्दर्भमा गरेको समर्थन स्वागत र बहुमुल्य सुझावका निम्ति हार्दिक धन्यवाद दिन चाहान्छु धन्यवाद ।

*(जवाफ दिएपछि)*

**८. माननीय सदस्यहरु,**

**"प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५"** सभाबाट पारित नभए सम्मका लागि उक्त विधेयकका हकमा मात्रै लागु हुने प्रदेश सभा नियमावली, २०७४ को नियम ११० को विधेयक माथि संशोधनको सूचना पेश गर्न सकिने नियमलाई निलम्बन गरि शिघ्र विधेयक पारित गरिने प्रकिया अगाडी बढाइयोस भनी प्रदेश सभा नियमावली २०७४ को नियम २१६ बमोजिम माननीय अक्कल बहादुर रावल प्रस्तावक र माननीय श्यामलाल राना थारु समर्थक भएको निलम्बनको प्रस्ताव सचिवालयमा दर्ता हुन आएको जानकारी गराउँछु ।

**९. माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल बैशाख १२ गते विहिबार दिनको १:०० बजे बस्ने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।